०७५-५२०१०९,५२०८९३,५२०२०९,५२०१२९
info@tansenmun.gov.np
ito tansenmun@gmail.com

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश ,नेपाल

तानसेन, पाल्पा

प.स.:-२०८१/०८२
च.न.:- २१३२

मितिः २०८२/०१/०३
ने.सं. ११४५, चौलागा, तृतिय, बुधबार

श्री सम्बन्धित सबै युवा तथा सरोकारवालाहरु
तानसेन नगरपालिका, पाल्पा ।

विषय : तालिमका लागि सहभागि प्रस्ताव गरी पठाउने समबन्धमा

प्रस्तुत विषयमा नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकारको साझेदारीमा तानसेन नगरपालिकाको दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (ENSSURE) दोस्रो चरण अन्तर्गत आ.व. २०८१/०८२ मा यस तानसेन नगरपालिकाले तपसिल बमोजिमको विषयमा कार्यगत अभ्यास सहितको (Trainig with OJT) १० महिने (१६९६ घन्टे) CTEVT अन्तर्गतको तह २ को तालिम सञ्चालन गर्नु पर्ने भएकाले तपसिलबमोजिमको प्रावधान पुरा गरेका इच्छुक नेपाली बेरोजगार युवाहरुले यही मिति २०८२/०१/१४गतेसम्म शाखामा निवेदन पेश गर्नु हुन अनुरोध छ ।

तपसिल : संचालन गरिने तालिमहरु

| तालिम शीर्षक | आवश्यक संख्या | न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|
| १ Professional cook (पेशागत कुक) | (२० जनाको लागि) | आधारभुत तहसम्म | |
| २ Professional building electrician (पेशागत बिल्डिङ इलेक्ट्रिसियन) | (२० जनाको लागि) | साधारण लेखपढ | |
| ३ Professional computer hardware and network technician (पेशागत कम्प्युटर हार्डवयर तथा नेटवर्क टेक्निसियन ) | (२० जनाको लागि) | SEE पास | |

- सहभागि हुन इच्छुक व्यक्तिले निर्धारित फाराम नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट प्राप्त हुनेछ ।
- प्रत्येक तालिमको लागि २०/२० जना सहभागी छनौट गरीनेछ । आवश्यकता अनुसार लघु सुचि वा अन्तरवार्ता समेत सचालन गरिनेछ । कुनै कारणवश सहभागीले तालिम छोड्नु परेमा वैकल्पिकलाई प्राथमिकता दिइनेछ ।
- सहभागि हुन चाहने व्यक्तिले बिचैमा तालिम नछोड्ने प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ ।
- सहभागिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उपलब्ध भएसम्म शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्नेछ । अन्य जिल्लाको नागरिकता हुने व्यक्तिको हकमा बसाइसराइको कागजात हुनुपर्ने छ ।
- सहभागि १८ वर्ष पुरा गरी ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको हुनु पर्नेछ ।
- सहभागीहरु छनौट गर्दा महिला, दलित, गरिब, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग तथा बेरोजगार युवाहरुलाई प्राथमिकतामा राखिनेछ ।
- नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुलाई भन्दा बेरोजगार युवाहरुलाई प्राथमिकता राखिनेछ ।

बोधार्थ : तानसेन नगरपालिकाका सबै वडा कार्यालयहरु (सूचना टाँस गरी सहयोग गरिदिनु हुन)

शिवाम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

"तानसेनको गौरव,शिक्षा,स्वास्थ्य,पर्यटन र पौरख"

www.tansenmun.gov.np

CamScanner